Nepali | नेपाली

# NYC Mayor's Office of Immigrant Affairs

## आप्रवासी न्युयोर्कबासीहरूका लागि स्रोतसाधनहरू

## तपाईंको अध्यागमन स्थिति जस्तोसुकै भए तापनि न्युयोर्क सहर सहयोगका लागि यहाँ छ।

### अध्यागमन सम्बन्धी कानुनी सहायता

**नि:शुल्क र सुरक्षित अध्यागमन कानुनी सहायताका लागि,** सोमबारदेखि शुक्रबारसम्म, बिहान 9 बजेदेखि साँझ 6 बजेसम्म **800-354-0365 मा कल गर्नुहोस्।**

### न्युयोर्क सहरको परिचय पत्र

**IDNYC का लागि आवेदन दिनुहोस्,** जुन 10 वर्ष र सोभन्दा माथिका सबै न्युयोर्क सहरका बासिन्दाहरूका लागि नि:शुल्क नगरपालिका परिचय पत्र हो। अनलाइन नवीकरण गर्नुहोस् वा दर्ताका लागि समय लिनुहोस्, **311 मा कल गर्नुहोस्** वा **nyc.gov/idnyc** मा जानुहोस्

### अंग्रेजी कक्षाहरू

जुनसुकै बेला, जहाँसुकै **नि:शुल्क अंग्रेजी** कक्षाहरू लिनुहोस्। थप जानकारीका लागि **wespeaknyc.cityofnewyork.us** मा जानुहोस्।

### स्वास्थ्य सेवा

**NYC Health + Hospitals (H+H)** ले आपतकालीन सेवा, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य परीक्षण, खोप र थप सुविधाहरू प्रदान गर्न सक्छ। **तपाईंको नजिकैको केन्द्रमा जानका लागि 1-844-NYC-4NYC (1-844-692-4692) मा कल गर्नुहोस्।** स्वास्थ्य बीमा योजनाहरूमा दर्ता गर्न, **NYC Care** कार्यक्रम लगायतका लागि, **646-NYC-CARE (646-692-2273)** मा कल गर्नुहोस् वा **nyccare.nyc** मा जानुहोस्

### मानसिक स्वास्थ्य

गोप्य सहयोग र मानसिक स्वास्थ्य सेवा तथा लागूऔषध प्रयोग सम्बन्धी स्रोतसाधनहरूसँग जोडिनका लागि, **888-692-9355 वा 988** मा कल गर्नुहोस्, वा **65173 मा WELL** मेसेज गर्नुहोस्। न्युयोर्कबासीहरूले न्युयोर्क सहरका मानसिक स्वास्थ्य सेवाहरूका बारेमा बहुभाषिक स्रोतसाधनका लागि **nyc.gov/mentalhealthaccess** मा हेर्न सक्छन् वा मानसिक स्वास्थ्य सेवाहरू फेला पार्न **nyc.gov/mentalhealthservices** मा न्युयोर्क सहरको 988 अनलाइन डाइरेक्टरी प्रयोग गर्न सक्छन्।

### आपतकालीन अवस्थाहरू

**आपतकालीन अवस्थामा, 911 मा कल गर्नुहोस्।** आपतकालीन अवस्था भन्नाले प्रहरी, दमकल विभाग, वा एम्बुलेन्सबाट तत्काल सहयोग आवश्यक पर्ने कुनै पनि परिस्थितिलाई बुझिन्छ। **कानुन अनुसार, न्युयोर्क सहरको प्रहरी विभाग (New York City Police Department) ले अपराधका पीडितहरू, साक्षीहरू, वा सहयोग माग्ने अन्य व्यक्तिहरूको अध्यागमन स्थितिको बारेमा सोधपुछ गर्न पाउँदैन।**

### सार्वजनिक शिक्षा

**न्युयोर्क सहरका 4 देखि 21 वर्षका सबै बालबालिकाहरू सार्वजनिक विद्यालयमा जान सक्छन्।** भर्ना हुनका लागि, **schools.nyc.gov/fwc** मा जानुहोस् वा **311 मा कल गर्नुहोस्।**

### सहरका सामान्य स्रोतसाधन र जानकारी

NYC 311

सहरका स्रोतसाधनहरूमा पहुँच चाहिन्छ वा कुनै समस्याको रिपोर्ट गर्न चाहनुहुन्छ? **311** मा कल गर्नुहोस् वा **portal.311.nyc.gov** मा जानुहोस्

### न्युयोर्क सहरको आप्रवासी मामिला हटलाइन

**हाम्रो हटलाइन 212-788-7654** मा सोमबारदेखि शुक्रबारसम्म, बिहान 9 देखि साँझ 5 बजेसम्म **कल गर्नुहोस्,** वा हामीलाई **askmoia@cityhall.nyc.gov** मा इमेल गर्नुहोस्।

Nepali | नेपाली

NYC Mayor's Office of Immigrant Affairs

# आप्रवासी न्युयोर्कबासीहरूका लागि स्रोतसाधनहरू

## तपाईंको अध्यागमन स्थिति जस्तोसुकै भए तापनि तपाईंका अधिकारहरू छन्।

### अध्यागमन सम्बन्धी ठगीबाट बच्नुहोस्

तपाईंलाई अध्यागमन सम्बन्धी कानुनी सल्लाह चाहिएमा, अनुमति प्राप्त वकिल वा न्याय विभाग (Department of Justice, DOJ) द्वारा मान्यता प्राप्त प्रतिनिधिसँग मात्र कुरा गर्नुहोस्। तपाईंले मान्यता प्राप्त र स्वीकृत प्रदायकहरूको सूची **nyc.gov/immigrationfraud** मा फेला पार्न सक्छन्।

### अध्यागमन प्रवर्तन सम्बन्धी अधिकारहरू

न्युयोर्क सहरले अध्यागमन प्रवर्तन सम्बन्धी कार्य गर्दैन। संघीय अध्यागमन प्रवर्तन टोलीले तपाईंलाई सम्पर्क गरेमा, तपाईंसँग अधिकारहरू हुन्छन्। **nyc.gov/knowyourrights** मा जानुहोस् वा हाम्रो नि:शुल्क अध्यागमन कानुनी हटलाइन **800-354-0365** मा कल गर्नुहोस्।

### कामदारका अधिकारहरू

न्युयोर्क सहरको कानुन बमोजिम तपाईंसँग सवेतन बिरामी बिदा, न्यूनतम पारिश्रमिक, ओभरटाइम भुक्तानी र थप सुविधाहरू पाउने अधिकार छ। स्रोतसाधनका लागि **nyc.gov/workers** मा जानुहोस् वा **212-436-0380** मा कल गर्नुहोस्।

### भेदभाव सम्बन्धी रिपोर्ट गर्नुहोस्

न्युयोर्क सहरको मानव अधिकार कानुन अन्तर्गत उत्पीडन र भेदभाव गैरकानुनी हो। भेदभावको रिपोर्ट गर्न, कृपया **212-416-0197** मा कल गर्नुहोस् वा **nyc.gov/reportdiscrimination** मा जानुहोस्।

### घरेलु हिंसा विरुद्धको सुरक्षा

तपाई दुर्व्यवहारको सिकार हुनुभएको छ भने न्युयोर्क सहर तपाईंलाई मद्दत गर्न यहाँ छ। तपाई **nyc.gov/nychope** मा जान सक्नुहुन्छ वा न्युयोर्क सहरको घरेलु हिंसा हटलाइन **800-621-HOPE** मा कल गर्न सक्नुहुन्छ।

### भाडावालका अधिकारहरू

निष्कासन वा तपाईंको घरबेटीसँग सम्बन्धित कुनै पनि समस्यामा मद्दत चाहिन्छ? नि:शुल्क कानुनी मद्दतका लागि **nyc.gov/tenantprotection** मा हेर्नुहोस् वा **311** मा कल गर्नुहोस् र **"tenant helpline" (भाडावाल हेल्पलाइन)** भन्नुहोस्।

### आश्रय पाउने अधिकार

तपाई घरबारविहीन हुनुहुन्छ भने तपाईंसँग आश्रयका लागि अनुरोध गर्ने अधिकार छ। तोकिएको घरबारविहीन सेवा विभाग (Department of Homeless Services, DHS) को इन्टेक सेन्टरमा गएर आश्रय सेवाहरू प्राप्त गर्नुहोस्। थप जानकारीका लागि **311** मा कल गर्नुहोस्।

### उपभोक्ता सुरक्षा

कुनै व्यवसायसँग समस्या भइरहेको छ? उपभोक्ताको रूपमा, तपाईंसँग अधिकारहरू छन्। **nyc.gov/consumers** मा गएर वा **311** मा कल गरेर गुनासो दर्ता गर्नुहोस्।